# वेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर,

प्रदेश नं. १ नेपाल

## शिलबन्दी दरभाउ-पत्रआब्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०७/०६)

यस कार्यालयको लागि आवश्यक पर्ने विभिन्न साईजका ह्यूमपाईप र जाली बुन्ने तार आपूर्ति गर्नुपर्ने भएकाले सो सम्बन्धी कारोबार गर्न इच्छुक सप्लायर्स वा कम्पनीहरुबाट मु.अ.कर दर्ता प्रमाण पत्र र स्थायी लेखापान नं. भएका सप्लायर्स वा कम्पनीहरुले आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र सहित निम्न शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रीतपूर्वकको शिलबन्दी दरभाउ-पत्र आव्हान गरिएको छ ।

१. शिलबन्दि दरभाउ-पत्र प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपीका साथ रु.१०००।- दस्तुर फिर्ता नहुने गरी बुझाई वेलका नगरपालिकाको कार्यालयबाट दरभाउ-पत्र फाराम खरिद गर्न सकिनेछ ।

२. दरभाउ-पत्र कागजातहरु अध्ययन गरि सबै विवरणहरु प्रष्टसंग भरि सम्बन्धित सप्लायर्स वा कम्पनीले तोकिएको आधिकारिक प्रतिनिधीले दरभाउ-पत्र सम्बन्धी कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई खाममा शिलबन्दी गरी खाम बाहिर स्पष्ट संग फर्मको नाम, ठेगाना र सम्पर्क नम्बर तथा कामको नाम समेत लेखि १६ औं दिनको अपरान्ह १२.०० बजे यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दर्ता भएका शिलबन्दि दरभाउ-पत्र फारम सोही दिनको १ : ०० बजे उपस्थित दरभाउ-पत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहबरमा खोलिनेछ । दरभाउ-पत्रदाता तथा निजको आधिकारीक प्रतिनिधीहरु अनुपस्थित रहेमा शिलबन्दि दरभाउ-पत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३. शिलबन्दि दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको तोकिएको प्रतिशतले हुने रकम दरभाउ-पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सक्कल बैंक जमानीपत्र (Bid Bond) वा यस कार्यालयको नाममा रहेको कुमारी बैंक रामपुर शाखा स्थित धरौटी खाता नं.०७७००४०२७४२०००४ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४. कार्यालयबाट प्रमाणित शिलबन्दि दरभाउ-पत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ । रित नपुगेको, शिलबन्दि भई नआएको, समय भित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित भएको दरभाउ-पत्र मान्य हुने छैन । शिलबन्दी दरभाउ-पत्र भर्दा Bill Of Quantity को Item मा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ । शिलबन्दि दरभाउ-पत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद तथा दाखिला गर्न सकिने छ ।

५. आपूर्ति गर्नुपर्ने ह्यूमपाईप र कच्चा तार जम्मा परिमाण मध्येबाट पटक-पटक वा एकै पटक गरी कार्यालयको अनुरोध बमोजिम खरिद गर्न सकिनेछ । उक्त सामाग्रीको परिमाण, साईज र गुणस्तर दरभाउ-पत्र फाराममा उल्लेख गरिए बमोजिम नगरपालिका परिसरमा उपलब्ध गराउनुपर्नेछ

६. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वानगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । साथै दरभाउ-पत्र सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । यस सुचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सो सम्बन्धी नियमावली २०६४ र प्रचलित कानून बमोजिम तथा अरु थप बुंदाहरु शिलबन्दि दरभाउ-पत्र पुस्तिकामा उल्लेख भए बमोजिम हुनेछ ।

### शिलबन्दी दरभाउ-पत्र सम्बन्धी विवरण

| सि. नं | ठेक्का नं. | कामको विवरण | ला.अ.(मु.अ.क.र कन्टेन्जेन्सी बाहेक) | दरभाउ-पत्रफारम दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ११/२०७६/०७७ | आर.सि.सि.ह्यूमपाईप खरिद कार्यक्रम | १७,४८,१८८।- | रु.१०००।- | रु.५२,४४५।- |
| २ | १२/२०७६/०७७ | हेभी कोटेड ग्याबियन तार खरिद कार्यक्रम | १७,०६,०००।- | रु.१०००।- | रु.५१,१८०।- |

प्रमुख प्रशासकीय अधिकृत